# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ असोज १२ गते

उपभोक्ताको हितबारे छलफल

# उपभोक्ताको हक संरक्षण गर्न जोड

हालैका दिनहरूमा बजारमा म्याद नाघेका खाद्यसामग्री बिक्री भइरहेको, वस्तुको नापतौलमा उपभोक्ता ठगिएको, तोकिएको मूल्यभन्दा निकै बढीमा खाद्यान्न तथा अन्य वस्तु बिक्री भइरहेको, धेरैजसो पसलमा मूल्य-सूची नटाँसिएको, कतिपय स्थानमा नेपाल सरकारले खटाएको अनुगमन टोलीलाई अनुगमन गर्न नदिइएको, केही जिल्लामा खाद्यान्न अभाव भएकोजस्ता गुनासोहरूलाई ध्यानमा राखी राष्ट्रिय मानव अधिकार आयोगले नेपाल सरकारका जिम्मेवार निकायहरूसँग छलफल कार्यक्रम आयोजना गरेको छ ।

दशैं-तिहारजस्ता चाडपर्वमा आमनागरिकलाई अत्यावश्यक वस्तुमा अप्राकृतिक रूपमा मूल्यबृद्धि भएको, अखाद्य वस्तुको बिक्री-वितरण भएको जस्ता उपभोक्ताको हितविपरीतका कार्य भएको पाइएकोले उचित मूल्यमा स्वस्थ्यकर खाद्यवस्तु उपभोग गर्न पाउने उपभोक्ताको अधिकारलाई जोगाउने अभिप्रायले बजार अनुगमन, आपूर्ति व्यवस्था आदि पक्षबारे आयोगले चासो राखेको हो ।

छलफल कार्यक्रममा बोल्दै आयोगका निमित्त सचिव सुवर्ण कर्माचार्यले उपभोक्ताको अधिकार सुनिश्चित गर्न बजार अनुगमन कार्यलाई वर्षैभरि निरन्तरता दिन र उपभोक्ताको हितविपरीत कार्यमा संलग्न वस्तु तथा सेवा प्रदायकहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउन आग्रह जोड दिनुभयो ।

छलफल कार्यक्रममा उपस्थित सरकारी निकायका पदाधिकारीहरूले आ-आफ्नो क्षेत्रबाट बजार अनुगमन कार्यलाई निरन्तरता दिइएको, भविष्यमा पनि यस कार्यलाई निरन्तर दिइने र यस दिशामा उपभोक्ता स्वयम् पनि सचेत र जागरुक हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, पशुपंक्षी बजार प्रशिक्षण निर्देशनालय, नेपाल गुणस्तर तथा नापतौल विभाग, नेपाल राष्ट्र बैंक, राष्ट्रिय दुग्ध विकास बोर्ड, सुरक्षा निकायलगायतका प्रतिनिधि तथा आयोगका कर्मचारीहरू उपस्थित हुनुहुन्थ्यो ।

......................

सुवर्ण कर्माचार्य

निमित्त सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org